आज मिति २०७७ साल फागुन १५ गते शनिबारका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री कुल बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७७/७८ को नवौं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

**उपस्थितीः**

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री कुल बहादुर कुँवर | अध्यक्ष एवं नगर प्रमुख | ९८५१०७७११८ | |
| २. | श्री बिर्मला देवी बुड्थापा | सदस्य एवं नगर उप–प्रमुख | ९८६८७०७४४६ | |
| ३. | श्री अमर बहादुर शाह | सदस्य एवं वडा अध्यक्ष –१ | ९८६८४३६५५५ | |
| ४. | श्री कालु सिंह कुँवर | सदस्य एवं वडा अध्यक्ष –२ | ९८५८६५०७१२ | |
| ५. | श्री कृष्ण बहादुर बुढा | सदस्य एवं वडा अध्यक्ष –३ | ९८६५६२६२६४ | |
| ६. | श्री बालगिरी कुँवर | सदस्य एवं वडा अध्यक्ष –४ | ९८४८६७७५०२ | |
| ७. | श्री उजिरे साउँद | सदस्य एवं वडा अध्यक्ष –५ | ९८६८५२५५६ | |
| ८. | श्री प्रेम राज शर्मा | सदस्य एवं वडा अध्यक्ष –६ | ९८४८६१२७६० | |
| ९. | श्री मिठ्ठु सिंह भाट | सदस्य एवं वडा अध्यक्ष –७ | ९८४८४११६९९ | |
| १०. | श्री टंक बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष –८ | ९८६९१५६८६६ | |
| ११. | श्री ध्रुब बहादुर थापा | सदस्य एवं वडा अध्यक्ष –९ | ९८४८५५४०३५ | |
| १२. | श्री लाल बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष–१० | ९८४८६९२९४८ | |
| १३. | श्री गणेश बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष –११ | ९८६५८३२६४५ | |
| १४. | श्री प्रकाश बहादुर राना | सदस्य एवं वडा अध्यक्ष –१२ | ९८४८५३०१९१ | |
| १५. | श्री सागर सिंह सोनार (बाब्ली) | सदस्य एवं वडा अध्यक्ष –१३ | ९८५८४२६५२४ | |
| १६. | श्री कर्ण बहादुर साउँद | सदस्य एवं वडा अध्यक्ष –१४ | ९८४८६७७९८६ | |
| १७. | श्री जीत बहादुर निशानी लुहार | सदस्य | ९८६२५०१०८८ | |
| १८. | श्री दुरी देवी कुँवर | सदस्य | ९८१४६६७२१० | |
| १९. | श्री सुरत बहादुर भुल | सदस्य | ९८२५६९६११३ | |

| | | | | |
|---|---|---|---|---|
| २०. | श्री सावी मिजार | सदस्य | ९८०४६८३८३५ | |
| २१. | श्री शंकर भुल | सदस्य | ९८४८६००८७६ | |
| २२. | श्री जयन्ती देवी बोगटी | सदस्य | ९८६८८००१८२ | |
| २३. | श्री सावित्री देवी कुँवर | सदस्य | ९८६८७२४०६२ | |
| २४. | श्री शान्ती देवी जोशी | सदस्य | ९८४८५२६५४९ | |
| २५. | श्री लक्ष्मी प्रसाद शर्मा | सचिव नि.प्र.प्र.अ. | ९८५८४३०१११ | |

**प्रस्तावहरुः**

१. रिपोर्टिङ
२. अन्तराष्ट्रिय नारी दिवस सम्बन्धमा ।
३. अपाङ्ग शिविर सञ्चालन सम्बन्धमा ।
४. छैटौं नगरसभा कार्यसूची सम्बन्धमा ।
५. ऐन, कार्यविधिहरु सम्बन्धमा ।
६. विविध

**निर्णयहरुः**

**निर्णय नं. ०१**

प्रस्ताव नं. ०१ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको आठौं कार्यपालिका बैठक यता करिब १ साताको समयावधिका बीच यस नगरपालिकाबाट सञ्चालित गतिविधिहरुको बारेमा नगर प्रमुखज्यूबाट संक्षिप्त रिपोर्ट प्रस्तुत भई यस बीचमा साँफेबगर नगरपालिकाका १४ वटै वडा मार्फत सञ्चालित गतिविधिहरुको बारेमा सम्बन्धित वडा अध्यक्ष र आ–आफ्नो क्षेत्रको क्षेत्रगत रिपोर्टिङ नगर उप–प्रमुख र कार्यपालिका सदस्यहरुबाट प्रस्तुत हुँदा कार्य सञ्चालनार्थ देखिएका समस्या तथा ती समस्याको समाधानका उपाय तथा समसामयिक विषयमा पुनः नगर प्रमुखज्यूको सम्बोधन पश्चात रिपोर्टिङ कार्य सम्पन्न गरियो ।

**निर्णय नं. ०२**

प्रस्ताव नं. ०२ माथि छलफल गर्दा यही मिति २०७७ साल फागुन २४ गते तद्अनुसार २०२१ मार्च ८ तारिखका दिन पर्न गएको अन्तराष्टिय नारी दिवस विगत बर्ष झैं यस बर्ष पनि यस साँफेबगर नगरपालिका तथा अन्तर्गतका वडाहरुले विवध कार्यक्रमको आयोजना गरी भव्यताका साथ मनाउने सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. ०३**

प्रस्ताव नं. ०३ माथि छलफल गर्दा साँफेबगर नगरपालिका अन्तर्गत अपाङगता भएका व्यक्तिहरुलाई लक्षित गरी जिल्ला अस्पताल मंगलसेन अछामको समन्वयमा यही फागुन मसान्तभित्र साँफेबगर नगरपालिकामा अपाङगता शिविरको आयोजना गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ०४**

प्रस्ताव नं. ०४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको छैटौं नगरसभा यही मिति ०७७ साल फागुन १६ गते विहान ११.३० बजे नगरपालिकाको सभाहलमा सञ्चालन हुने भएकोले उक्त सभाको अन्तिम तयारीका लागि पाँचौं नगरसभा सञ्चालन हुँदाका बखत गठित उपसमितिहरुलाई निरन्तरता दिदैं तयारीको जिम्मेवारी दिने र छैटौं नगरसभा बैठकको कार्यसूची तपसिल बमोजिम रहने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

कार्यसूचीः

१. राष्ट्रिय धुनसँगै विहान ११.३० बजे सभाको सुरुवात
२. न्यायिक समितिको प्रतिवेदन प्रस्तुत
३. अनुगमन समितिको प्रतिवेदन प्रस्तुत
४. राजस्वका थप दर तथा दायराहरु अनुमोदन
५. साँफेबगर नगरपालिकाको टोल विकास संस्था गठन तथा परिचालन कार्यविधी – २०७७ प्रस्तुत, छलफल र पारित
६. साँफेबगर नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन नियमावली – २०७७ प्रस्तुत, छलफल र पारित
७. साँफेबगर नगरपालिकाको लेखा समिति गठन तथा सञ्चालन नियमावली – २०७७ प्रस्तुत छलफल र पारित
८. साँफेबगर नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा बनेको विधेयक – २०७७ प्रस्तुत, छलफल र पारित
९. लेखा समितिको गठन
१०. समापन

**निर्णय नं. ०५**

प्रस्ताव नं. ०५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाले तयार गरेका तपसिल बमोजिमका ऐन तथा कार्यविधिहरु स्वीकृतीका लागि प्रस्तुत भई दफाबार छलफल हुँदा उक्त ऐन तथा कार्यविधिहरुमा आवश्यक संशोधन सहित पारितका लागि छैटौं नगरसभामा पेश गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

१. साँफेबगर नगरपालिकाको टोल विकास संस्था गठन तथा परिचालन कार्यविधी – २०७७
२. साँफेबगर नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन नियमावली – २०७७
३. साँफेबगर नगरपालिकाको लेखा समिति गठन तथा सञ्चालन नियमावली – २०७७
४. साँफेबगर नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा बनेको विधेयक –२०७७

**निर्णय नं. ०६**

प्रस्ताव नं. ०६ विविध माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा गठित राजस्व परामर्श समितिको मिति २०७७ साल फागुन १४ गतेको बैठकबाट प्रस्तावित राजश्वको थप दर तथा दायराहरु सम्बन्धमा व्यापक छलफल भई प्रस्तावित दर तथा दायराहरु मध्ये तपसिल बमोजिम दर तथा दायराहरु थप गरी संशोधन सहित पुनः पेश गर्न राजस्व परामर्श समितिलाई निर्देशन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिलः

स्काभेटर मेसिन ढुवानी भाडादरः

१. मार्तडी – रु. ७० हजार
२. बाज्रुगाड – रु. ५० हजार
३. जडङ्गा – रु. ६० हजार
४. बेतालमाण्डौं – रु. ४० हजार
५. जयगढ – रु. ४० हजार
६. कैलासखोला – रु. ४५ हजार
७. मंगलसेन –रु. ५० हजार
८. दाङ – रु. २ लाख
९. बुटवल – रु. २ लाख ५० हजार

उल्लेखित निर्णयहरु गर्दै आजको बैठक सम्पन्न गरियो ।